# विद्यालय सुधार योजनालाई प्रभावकारी बनाउने उपायहरू

*दिपक खनाल*
*त्रि.वि., शिक्षा विकास तथा अनुसन्धान केन्द्र, बल्खु, काठमाडौँ*
*dipakkhana136@yahoo.com*

***लेखसार***

*प्रस्तुत लेख विद्यालय सुधार योजनालाई प्रभावकारी बनाउने उपायहरूमा केन्द्रित रहेको छ । यस लेखको मुख्य उद्देश्य विद्यालय सुधारयोजना निर्माण र कार्यान्वयनबाट विद्यालयका विभिन्न पक्षमा सकारात्मक परिवर्तन ल्याउने रहेको छ । काठमाडौँ जिल्लाको नागार्जुन नगरपालिकाभित्र रहेका ११ वटा सामुदायिक माध्यमिक विद्यालयहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट चयन गरी सरोकारवालाको प्रतिनिधिमूलक सहभागिताको आधारमा अन्तरक्रिया, सामूहिक छलफल, अन्तरवार्ता, प्रश्नावली र अवलोकनजस्ता साधनहरूको प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । विभिन्न अनुसन्धानमूलक लेखहरू, अनुसन्धान प्रतिवेदनहरू र अन्य दस्तावेजहरूबाट द्वितीय स्रोतको रूपमा सूचना तथा जानकारी प्राप्त गरिएको छ । यस अध्ययनमा मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग गरिएको अन्तर्वार्ता र जानकारीबाट प्राप्त सूचनालाई अन्य सरोकारवाला व्यक्तिहरूसँग उनीहरूको दृष्टिकोणलाई वैधता दिनका लागि त्रिभुजीकरण गरेर विभिन्न ऐननियमसँग तुलना गरी विश्लेषण गरिएको छ । हर्जवर्ग, १९५९ ले भने झैँ उत्कृष्ट कार्यसम्पादनलाई अभिप्रेरित गर्न अनुकूल वातावरण तयार गर्ने कुरा यस अध्ययन क्षेत्रमा समेत सान्दर्भिक भएको देखिन्छ । अध्ययन क्षेत्रका विद्यालयहरूले योजना निर्माण गर्दा भौतिक पक्षलाई बढी प्राथमिकता दिएको पाइयो । निर्माण भएका योजना नब्बे प्रतिशतभन्दा बढी कार्यान्यिन भएका छन् । निर्माण र कार्यान्वयन गरिएका योजनाबाट सरोकारवालापक्षको क्षमता अभिवृद्धि, भौतिक पक्षको सुधार, आर्थिक पारदर्शिता, सिकाइ उपलब्धिमा अभिवृद्धि, स्थानीय स्रोत साधनको अधिकतम उपयोगजस्ता परिवर्तनहरू आएका छन् । विद्यालय सुधार योजनालाई अझ बढी प्रभावकारी बनाउन सम्बन्धित व्यक्तिमा अपनत्वको भावना जागृत हुनुपर्ने, समन्वय, प्रभावकारी निरीक्षण र अनुगमन, अनुकूल, कार्यवातावरण, निर्माण, दण्ड एवम् पुरस्कारलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने जस्ता उपायहरू सरोकारवालाले औँल्याएका छन् । अत: सरोकारवालाले औँल्याए जस्तै अनुकूल*

*कार्यवातावरण निर्माण गरी विद्यालय सुधार योजनालाई अझ बढी प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।*

**शब्दकुञ्जी** : अनुकूल कार्यवातावरण, उत्कृष्ट कार्यसम्पादन, गुणस्तरीय शिक्षा, योजना निर्माण

## पृष्ठभूमि

शिक्षा मानव विकासको आधार एवम् मानव जीवनको अभिन्न अङ्ग हो । शिक्षाले समाज र राष्ट्रलाई प्रगतिउन्मुख बनाउँछ । आधारभूत अधिकारका रूपमा स्थापित शिक्षाको स्थानान्तरण प्राचीन कालदेखि विभिन्न रूपमा हुँदै आइरहेको छ । शिक्षाको विकासलाई व्यवस्थित गर्नका लागि विभिन्न किसिमका शैक्षिक योजनाको आवश्यकता पर्दछ । शिक्षाक्षेत्रका बालविकासदेखि उच्च शिक्षासम्मका सबै पक्षको अपेक्षित उपलब्धि हासिल गर्न तर्जुमा गरिएको खाका शिक्षा योजना हो (शर्मा, २०६०) । शिक्षालाई राष्ट्र विकासको मूल आधार तथा गरिबी निवारणको प्रमुख माध्यमका रूपमा लिइन्छ । नेपालका सन्दर्भमा पनि शिक्षाको पहुँच, गुणस्तरीयता, सान्दर्भिकता एवम् प्रभावकारिताका लागि विभिन्न प्रयास भइरहेका छन् (पौडेल, २०५५) । नेपालमा औपचारिक शिक्षाको थालनी वि.सं. १९१० बाट भएको हो । राणा परिवारका लागि स्थापित दरबार स्कुल वि.सं. १९४२ मा वीरशमशेरले सर्वसाधारणका लागि खुला गरेका थिए (अधिकारी, २०६८) । औपचारिक शिक्षा प्रदान गर्ने विद्यालयलाई प्रभावकारी रूपले सञ्चालन गर्नका लागि विभिन्न प्रकारका योजनाको आवश्यकता पर्दछ । योजना निर्माण एवम् कार्यान्वयन राष्ट्रिय परिवेशअनुसार हुने र योजनाको निर्माणका साथै कार्यान्वयन पक्ष राष्ट्रिय प्राथमिकता र राष्ट्रको प्रतिबद्धतासँग अन्तरसम्बन्धित हुने गर्दछ (बराल, २०६६) ।

शिक्षाको माध्यमबाट देशको चौतर्फी विकासमा योगदान पुग्दछ । शिक्षा विकासको सन्दर्भमा भविष्यको कार्यक्रम तयार गर्ने प्रक्रियाको रूपमा शिक्षायोजनालाई लिइन्छ । यसले वर्तमान अवस्थाको अध्ययन गरी भावी आवश्यकता निर्धारण गर्दछ । विद्यालय सुधार योजना विद्यालयको सर्वाङ्गीण विकासमा केन्द्रित हुन्छ । स्थानीय स्रोतसाधनको खोजी गरी परिचालन गर्ने सन्दर्भमा सरोकारवालालाई अधिकतम रूपमा सहभागी गराई विद्यालयको विकासमा अपनत्वको भावना जगाउने काम विद्यालय सुधार योजनाले गरेको हुन्छ ।

विद्यालय सुधार योजना विद्यालयलाई बदलिँदो परिस्थिति अनुसार सिकाइ उपलब्धिमा सुधार ल्याउन तयार गरिने एउटा रणनीति हो । यसले विद्यालयको भौतिक, आर्थिक, शैक्षिक मानवीय लगायत सर्वाङ्गीण विकासद्वारा विद्यार्थीको उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्दछ । उक्त योजनाबाट सरोकारवालामा अपनत्व एवम् स्वामित्वको भावना जागृत भई विद्यालयका समग्र पक्षमा सुधार भई विद्यालयको प्रभावकारिता सुनिश्चित हुन्छ (ढकाल, २०६९) । सरोकारवालालाई विद्यालयको सर्वाङ्गीण विकासका निम्ति योजना निर्माण गर्ने र निर्मित योजनालाई कार्यान्वयन गरी विद्यालयको दिगो विकासमा सबैलाई समेटी शैक्षिक कार्यक्रममा प्रभावकारिता बढाउने काम विद्यालय सुधार योजनाले गर्दछ (अधिकारी, २०६८) । विद्यालय सुधार योजनाको प्रयोगबाट अभिभावक, समाजसेवी, शिक्षाप्रेमी, विद्यार्थी, शिक्षकलगायतका सरोकारवाला पक्षको सक्रिय सहभागिता, गतिशील संलग्नता र अपनत्व वृद्धि गर्न सहयोग पुग्दछ (शिक्षा विभाग, २०७४) ।

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनका लागि संस्थागत रूपमा विद्यालय र पदीय रूपमा प्रधानाध्यापकले प्रमुख जिम्मेवारी लिनुपर्दछ । विद्यालय सेवा क्षेत्रका सबै सरोकारवालाको सक्रिय सहभागितामा पञ्चवर्षीय र वार्षिक रूपमा निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी प्रत्येक वर्ष जेठ महिनाको अन्तिम हप्ताभित्र स्थानीय तहमा अनिवार्य रूपमा पेस गर्नुपर्ने कानुनी प्रावधान विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका (२०७४) मा उल्लेख गरिएको छ ।

विद्यालय सुधार योजना प्रत्येक विद्यालयको विकास र समुन्नतिको मेरुदण्डका रूपमा रहेको हुन्छ । विद्यालय सुधार योजनामा विद्यालयको सुधार, विकास र समुन्नति सँगसँगै व्यक्ति, परिवार, समाज र राष्ट्रको विकास र समुन्नतिसमेत निर्भर हुन्छ । योजना राम्रो नबनेमा वा बनेको योजना सही ढंगले कार्यान्वयन हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त हुन सक्दैन । विद्यालयहरू आत्मनिर्भर बन्न सकून् भन्ने परिलक्ष्य विद्यालय सुधार योजनाको देखिन्छ तर देशको राजनैतिक अस्थिरताले गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको गठन कार्य पनि प्रभावकारी हुन सकिरहेको छैन । विद्यालय सुधार योजनाको सैद्धान्तिक अवधारणाअनुरूप सरोकारवाला पक्षको सहभागिता भए नभएको साथै निर्मित योजना कार्यान्वयन हुन्छ वा हुँदैन भन्ने सन्दर्भमा अध्ययन अनुसन्धान कमै मात्रामा भएको देखिन्छ । नागार्जुन नगरपालिकाको विभिन्न ११ वटा माध्यमिक विद्यालयमा केन्द्रित रहेर गरिएको यस अध्ययनले विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयनमा स्थानीय सरोकारवाला पक्षको सक्रिय सहभागितामा जोड दिई प्रभावकारी कार्यान्वयनमा केन्द्रित हुने छ । यसले गर्दा विद्यालयको भौतिक, आर्थिक,

शैक्षिक, व्यवस्थापकीय, प्रशासनिक लगायत सम्पूर्ण पक्षको सुधार हुने अपेक्षा गरिएको छ ।

## अध्ययनको औचित्य

विद्यालय सुधार योजनाबाट विद्यालयको समग्र शैक्षिक प्रक्रियामा सुधार हुने अपेक्षा गरिएको छ । यसबाट शिक्षक, विद्यार्थी, अभिभावक, समाजसेवी, शिक्षाप्रेमी लगायतका स्थानीय सरोकारवालापक्षको सक्रिय सहभागिता, गतिशील संलग्नता र अपनत्व वृद्धि गर्न महत्त्वपूर्ण सहयोग पुग्दछ । विद्यालय सुधार योजना बालविकास केन्द्रदेखि कक्षा १२ सम्म सबै खाले विद्यालयले निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ । गुणस्तरीय शिक्षामा केन्द्रित भई अनुकूल कार्यवातावरण निर्माण गरी योजना निर्माणले उत्कृष्ट कार्यसम्पादनमा समेत सहयोग पुऱ्याउँछ । साथै यसले विद्यार्थीहरूको समतामूलक पहुँच, सक्षमता अभिवृद्धि, विद्यालय सञ्चालन तथा व्यवस्थापन, क्षमता विकास विद्यालय स्वास्थ्य तथा व्यवस्थापन, क्षमता विकास, विद्यालय स्वास्थ्य तथा पोषण, विपद जोखिम न्यूनीकरण, विभिन्न प्रकारका तालिम, स्रोत परिचालन एवम् व्यवस्थापन, अनुगमन तथा निरीक्षणजस्ता विविध पक्षको कार्यान्वयनमा जोड दिन्छ ।

## अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययन विद्यालयमा निर्माण गरिने विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनसँग सम्बन्धित छ । विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको अवस्था पहिचान गर्नु, विद्यालय सुधार योजनाले विद्यालयमा ल्याएका परिवर्तनको खोजी गर्नु र विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउनु यस अध्ययनको उद्देश्य रहेको छ ।

## पूर्वकार्यको समीक्षा

इतिहासको योजनाबाट भविष्यको योजना निर्माणमा सहयोग पुग्दछ । पूर्ववत तथ्यको सहयोगबाट नै भावी तथ्य वा मुद्दाको खोजी गरी निष्कर्ष निकाल्न सहयोग पुग्दछ । यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउनको लागि उल्लेखित साहित्य र सिद्धान्तको उपयोग गरिएको छ ।

*हर्जवर्ग, १९५९ उत्प्रेरणा/प्रेरक आरोग्य सिद्धान्तमा*


इन्जिनियरहरू र लेखाविदहरूको कार्य सन्तुष्टिको अध्ययन गर्ने सिलसिलामा फ्रेडरिक हर्जवर्ग १९५९ ले प्रतिपादन गरेको उत्प्रेरणा/प्रेरक आरोग्य सिद्धान्तलाई मार्गदर्शनको रूपमा लिइएको छ । यस सिद्धान्तमा दुई किसिमका सिद्धान्तको व्याख्या गरिएको छ । आरोग्य तत्त्वले व्यक्तिमा असन्तुष्टि हुन रोक्ने तथा असन्तुष्टिलाई हटाउने कार्य गर्दछ । यस तत्त्वले व्यक्तिको कार्यदक्षतामा वृद्धि विकास नगरे पनि असन्तोषलाई रोकेर उत्कृष्ट कार्यसम्पादन गर्न अभिप्रेरित गर्दछ । यसले अनुकूल कार्यवातावरण बनाउँछ । त्यसैगरी उत्प्रेरित वा अभिप्रेरणात्मक तत्त्वले व्यक्तिलाई उत्कृष्ट कार्य गर्न उत्साहित गर्नाका साथै कार्य दक्षतामा वृद्धि गर्दछ । यसका अभावमा व्यक्तिमा असन्तुष्टिको मात्रा बढ्दछ र अपेक्षित कार्यसम्पादन हुन सक्दैन भन्ने धारणा रहेको छ ।

आरोग्य तथा अभिप्रेरणात्मक तत्त्वले सरोकारवाला पक्षलाई योजना निर्माण र कार्यसम्पादनमा उत्प्रेरित गर्न सघाउ पुऱ्याउन सक्ने भएकाले उक्त सिद्धान्तलाई यस अध्ययनमा मार्ग दर्शनका रूपमा लिइएको छ ।

कँडेल (२०६७) ले विद्यालय सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरूका सन्दर्भमा आर्थिक पक्ष, अपनत्वको भावना, दण्ड र पुरस्कार, महत्त्वाकाङ्क्षी योजना निर्माण जस्ता पक्षहरूले प्रभावकारी कार्यान्वयन हुन नसक्ने कुरा औंल्याएका छन् । श्रेष्ठ (२०६६) का अनुसार योजना निर्माण र कार्यान्वयन, सिप र क्षमताको विकास, स्थानीय आवश्यकता पहिचान, जिम्मेवारी बोध, गुणस्तरीय शिक्षा, अनुकूल कार्यवातावरण, उत्कृष्ट कार्यसम्पादनजस्ता कुराका लागि विद्यालय सुधार योजनाको औचित्य रहेको कुरा औंल्याइएको छ । कँडेल (२०६४) को लेखमा विद्यायलका हरेक क्रियाकलापमा अभिभावकको सहभागिता र क्रियाशीलता बढाउन सकेमा विद्यालयको शैक्षिक, भौतिक, आर्थिक लगायत सर्वाङ्गीण पक्षमा सुधार गर्न सकिने कुरा उल्लेख गरिएको छ । भट्टराई (२०६७) ले आफ्नो लेखमा समुदायलाई विद्यालयप्रति उत्तरदायी बनाउँदै सक्रिय सहभागिता वृद्धि गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । लम्साल (२०५९) को विद्यालय सुधार कार्यक्रम मार्फत् विद्यालय सुधार योजनामा विद्यार्थीहरूको सिकाइ उपलब्धिको अभिवृद्धि गर्ने काम प्रमुख भएको कुरा औंल्याएका छन् ।

## अध्ययनको वैचारिक खाका

यस अध्ययनको अवधारणात्मक खाकालाई निम्नानुसार उल्लेख गरिएको छ (चित्र १) ।




चित्र नं. १ : अध्ययनको अवधारणात्मक खाका

उपर्युक्त चित्र विश्लेषण गर्दा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्दा विद्यमान समस्याको रूपमा सरोकारवालामा कार्य गर्ने इच्छा शक्तिको अभाव, निष्क्रियता, समन्वय, कार्यवातावरण, राजनीति, अनुगमन जस्तापक्षहरू देखिएका छन् । समुदायलाई प्रभावकारी रूपमा परिचालन गरी नियमितता, सक्रियता, क्रियाशीलता, उत्प्रेरणा, विभिन्न प्रकारका तालिम, मूल्याङ्कन, अनुगमनजस्ता कुरामा ध्यान दिन सकेमा सरोकारवालामा जागरूकता ल्याई शिक्षण सिकाइमा प्रभावकारिता, सिकाइ उपलब्धिमा अभिवृद्धि र अपनत्वको भावनाको विकास हुने देखिन्छ ।

## अध्ययन विधि र प्रक्रिया

ठुलो जनसंख्यामा अध्ययन अनुसन्धान गर्न समय, स्रोत र साधनको हिसाबले कठिन र असम्भव हुने भएकाले यस अध्ययनमा पनि प्रतिनिधिमूलक समूह नमुना छनोट गरिएको छ । समस्याका समग्र पक्षको खोजी कार्य व्यावहारिक रूपले कठिन हुन्छ (खनाल, २०७६) त्यसैले यस अध्ययनको नमुनाको रूपमा काठमाडौं जिल्लाको नागार्जुन न.पा. अन्तर्गतका ११ वटा सामुदायिक माध्यमिक विद्यालयलाई छनोट गरी यससँग सम्बन्धित प्र.अ., शिक्षक, विद्यार्थीसँग प्रतिक्रिया वा जानकारी लिइएको छ । तथ्याङ्क सङ्कलन प्राथमिक स्रोतअन्तर्गत प्रधानाध्यापक, शिक्षक र विद्यार्थीसँग अन्तरवार्ता तथा सघन समूह छलफल गरिएको छ । द्वितीय स्रोतअन्तर्गत पूर्वप्रकाशित तथा सङ्कलित सूचनाबाट आवश्यक तथ्य लिइएको छ । अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल, अवलोकन जस्ता साधनहरूको प्रयोग गरी तथ्यसङ्कलन गरिएको छ । त्यसैगरी विभिन्न माध्यमबाट प्राप्त सूचनालाई अध्ययनको उद्देश्यअनुरूप विभिन्न सिद्धान्त र साहित्यसँग तुलना गरी त्रिकोणात्मक एवम् बहुकोणात्मक विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## नतिजाको विश्लेषण

अध्ययन क्षेत्रको नमुना छनोटमा परेको जनसंख्याबाट अन्तर्वार्ता, प्रश्नावली, छलफल, अन्तरक्रिया, अवलोकन तथा विभिन्न दस्तावेजको अध्ययन एवम् विश्लेषण गरी प्राप्त सूचना एवम् जानकारीलाई उद्देश्यअनुरूप आवश्यकताअनुसार विभिन्न तालिका एवम् चित्रको प्रयोग गरी त्रिकोणात्मक एवम् बहुकोणात्मक विश्लेषण गर्नाका साथै विभिन्न सिद्धान्त र साहित्यसँग तुलना गरी निष्कर्ष निकालिएको छ ।

## विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको अवस्था

नेपाल सरकारले विद्यालय शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गरी गुणस्तरीय शिक्षाका लागि विभिन्न योजना निर्माण गरी कार्यान्वयन गरिरहेको सन्दर्भमा आ.व. २०५६/०५७ सालमा १२ जिल्लामा परीक्षण गरी आ.व. २०५८/०५९ देखि देशभर लागू भइरहेको विद्यालय सुधार योजना हरेक विद्यालयले आवधिक रूपमा तयार गरी सम्बन्धित माथिल्लो निकायमा पेस गर्नुपर्ने नीतिगत अवस्था रहेको छ । अध्ययन क्षेत्रका विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण नियमित रूपमा हुन्छ कि हुँदैन, निर्माण गरिएका योजनाहरू कार्यान्वयनमा केकस्ता समस्याहरू छन् भनी सरोकारवाला व्यक्तिहरूसँग जानकारी प्राप्त गरिएको छ । यसै सन्दर्भमा योजना निर्माणमा ककसको कस्तो सहभागिता हुने गर्दछ भनी राखिएको जिज्ञासालाई तालिका १ मा दिइएको छ ।

**तालिका १ : योजना निर्माणमा सहभागिता**

| क्र.सं. | सहभागी | सहभागिता |
|---|---|---|
| १ | प्रधानाध्यापक | सक्रिय सहभागिता |
| २ | शिक्षक | सक्रिय सहभागिता |
| ३ | वि.व्य.स. प्रतिनिधि | सक्रिय सहभागिता |
| ४ | विद्यार्थी | निष्क्रिय सहभागिता |
| ५ | शिक्षक अभिभावक संघ प्रतिनिधि | निष्क्रिय सहभागिता |
| ६ | स्थानीय समाजसेवी तथा बुद्धिजीवी | न्यून सहभागिता |
| ७ | अभिभावक | न्यून सहभागिता |

स्रोत : स्थलगत अध्ययन, २०७८ ।


नमुना छनोटमा परेका सबै विद्यालयका प्र.अ., शिक्षक तथा वि.व्य.स. प्रतिनिधिहरूको विद्यालय सुधार योजनामा सक्रिय सहभागिता हुने गरेको देखिन्छ भने विद्यार्थी र शिक्षक अभिभावक संघको निष्क्रिय सहभागिता, स्थानीय समाजसेवी तथा बुद्धिजीवी र

अभिभावकहरूको न्यून सहभागिता हुने गरेको देखियो । विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका (२०७४) ले प्रत्येक विद्यालयले प्रत्येक वर्ष जेठ महिनाको अन्तिम हप्ताभित्र विभिन्न सरोकारवालाको सहभागितामा विद्यालय सुधार योजना निर्माण गरी वि.व्य.स.बाट स्वीकृत गरी विभिन्न निकायमा अनिवार्य पेस गर्नुपर्ने कुरा उल्लेख भए बमोजिम अध्ययन क्षेत्रका विद्यालयले कोभिड-१९ को समयमा बाहेक तोकिएको समयमै निर्माण गरेको पाइयो ।

विद्यालय सुधार योजना निर्माण प्रक्रियाअन्तर्गत सरोकारवाला पक्षको सहभागिता, कार्यशाला सञ्चालन, पञ्चवर्षीय योजना निर्माण, वार्षिक कार्यान्वयन योजना निर्माण, विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गर्नाका साथै माथिल्लो निकायमा पेस गर्नुपर्ने प्रावधान अनुरूप सबै विद्यालयले उक्त प्रक्रिया अवलम्बन गरेको पाइयो । अध्ययन क्षेत्रका अधिकांश विद्यालयले भौतिक पक्षमा प्राथमिकता दिने गरेको देखियो । यसै सन्दर्भमा भवननिर्माणमा किन बढी प्राथमिकता दिनुभएको भन्ने प्रश्नको जवाफमा एकजना प्र.अ.को प्रतिक्रिया यसप्रकार रहयो : "२०७२ सालको भूकम्पले विद्यालय भवन भत्कियो, विभिन्न संघसंस्थाहरूले भवननिर्माणमा सहयोग गरेका छन् । एकै पटक सबै भवन निर्माण गर्न पनि कठिन छ । त्यसैले प्रत्येक वर्ष भवननिर्माणलाई प्राथमिकता दिनुपरेको छ ।"

उक्त भनाइबाट के प्रस्ट हुन्छ भने भवननिर्माण अनिवार्य आवश्यकता हुने र हरेक विद्यालयले पहिलो प्रथमिकता भवननिर्माणलाई दिने हुँदा विद्यालय सुधार योजनामा समेत पहिलो प्राथमिकता भवननिर्माण हुने गरेको देखियो ।

विद्यालय सुधार योजना कार्यान्वयनका सन्दर्भमा योजना निर्माण पश्चात् कार्यान्वयनको अवस्था कस्तो रहेको छ भनी गरिएको छलफल र अन्तरक्रियाको आधारमा सरोकारवाला पक्ष वा उत्तरदाताहरबाट मिश्रित प्रतिक्रिया प्राप्त भएको छ (चित्र नं. २) ।




चित्र नं. २ : योजना कार्यान्वयनको अवस्था

नमुना छनोटमा परेका ११ ओटा विद्यालयमध्ये दुईवटा विद्यालय अर्थात् १८.१८ प्रतिशतले निर्माण योजना ९० प्रतिशतभन्दा बढी, ५ वटा विद्यालय अर्थात् ४५.४५ प्रतिशतले ८० प्रतिशतभन्दा बढी र ४ वटा विद्यालय अर्थात् ३६.३६ प्रतिशतले ७० प्रतिशतभन्दा बढी योजनानिर्माणमा समेटिएका विषयवस्तुहरू कार्यान्वयन हुने कुरा गरेको देखिन्छ । यस सम्बन्धमा दुईजना प्र.अ.ले व्यक्त गरेको प्रतिक्रिया यसप्रकार रहचो :

> "विद्यालय सुधार योजना विद्यालयको ऐना हो । विद्यालयका सबै गतिविधि र वस्तुस्थिति यसमा समावेश गरिन्छ । कार्यान्वयन हुन नसक्ने विषयवस्तु योजनामा समावेश गर्दैनौं । बनाएको योजना हुबहु कार्यान्वन गर्दछौं । योजना कार्यान्वयनमा सबै सरोकारवाला पक्षको पूर्ण सहयोग हुने गरेको छ ।"

> "नीतिगत रूपमा विद्यालय सुधार योजना राम्रो हो तर हुबहु कार्यान्वयन हुन सक्दैन । विद्यालय व्यवस्थापन समिति गठनमै राजनीति हुने, वि.व्य.स. पदाधिकारीहरूले महत्त्वाकाङ्क्षी योजना निर्माणमा दबाब दिने, कार्यान्वयनमा ध्यान नदिने जस्ता कारणले निर्माण भएको योजना पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन ।"

उल्लिखित भनाइको विश्लेषणबाट मिश्रित प्रतिक्रिया रहेको पाइन्छ । एउटा विद्यालयले पूर्णरूपमा कार्यान्वयन गरेको देखिन्छ भने अर्को विद्यालयले कार्यान्वयन पूर्णरूपमा गर्न सकेको देखिँदैन । गैरे (२०७२) ले शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा राजनैतिक प्रभाव पर्ने र यसले शिक्षण सिकाइ क्रियाकलापमा समेत असर पर्ने कुरा औंल्याएका छन् । यस अध्ययन क्षेत्रमा पनि उनको धारणा केही मात्रामा पुष्टि भएको देखिन्छ ।

## विद्यालय सुधार योजनाले ल्याएका मुख्य परिवर्तनहरू

विद्यालय सुधार योजनाले बदलिँदो परिस्थिति अनुसार विद्यालयको सर्वाङ्गीण पक्षको विकास गरी विद्यार्थीहरूको गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न सक्नुपर्दछ । त्यसैगरी स्थानीय सरोकारवालालाई विद्यालयका हरेक क्रियाकलापमा संलग्न गराई अपनत्वको भावना जागृत गराउने काम उक्त योजनाको हो । अध्ययन क्षेत्रका विद्यालयमा विद्यालय सुधारयोजनाको निर्माण र कार्यान्वयन पश्चात् विद्यालयमा केकस्ता परिवर्तनहरू आएका छन् भनी सरोकारवालासँग गरिएको छलफल र अन्तर्वार्ताको आधारमा प्राप्त सूचना वा जानकारीका प्रमुख अंशहरू निम्नानुसार रहेका छन् :

- सरोकारवाला पक्षहरूको विद्यालयमा सक्रिय सहभागिता भएको,
- प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक लगायतका व्यक्ति एवम् पक्षहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भएका,
- विद्यालयको भौतिक व्यवस्थापनमा सुधार भएको,
- बैंकिङ प्रणाली र कम्प्युटर सफ्टवेयरको प्रयोग गरी आर्थिक कारोवार सञ्चालन भएकाले आर्थिक पारदर्शिता कायम भएको,
- विद्यार्थीहरूको नियमित उपस्थिति तथा सक्रिय सिकाइको वातावरण निर्माण भएको,
- सिकाइ उपलब्धिमा अभिवृद्धि भएको एवम्
- स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरिएको ।

खनाल (२०७६) ले तालिमले विद्यालयको प्रशासन एवम् शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुने कुरा उल्लेख गरे झैं यस अध्ययनमा समेत तालिमका कारण सरोकारवाला पक्षमा सक्रिय सहभागिता र क्षमता अभिवृद्धि हुने गरेको थियो भने सबै विद्यालयमा कम्प्युटर र बैंकिङ प्रणालीले गर्दा आर्थिक पारदर्शिता कायम भएको पाइयो ।

## विद्यालय सुधार योजनालाई प्रभावकारी बनाउने उपायहरू

विद्यालय सुधार योजनालाई हरेक विद्यालयको विकास  र समुन्नतिको मेरुदण्डको रूपमा लिन सकिन्छ । यसमा विद्यालयको सुधार, विकास र समुन्नति सँगसँगै व्यक्ति, परिवार, समाज, राष्ट्रिय विकास र सम्मुन्नतिसमेत निर्भर हुन्छ । योजना राम्रो नबनेमा वा बनेको योजना प्रभावकारी रूपले कार्यान्वयन हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य पूरा हुन सक्दैन । विद्यालय सुधार योजनालाई प्रभावकारी बनाउने उपायका सन्दर्भमा सरोकारवाला पक्षसँग गरिएको छलफल, अन्तर्वार्ता एवम् विभिन्न साहित्यको समीक्षाका आधारमा निम्नानुसारका उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

## सरोकारवाला पक्षमा अपनत्वको भावना जागृत हुनुपर्ने

अपेक्षित संस्थागत उपलब्धि हासिल गर्न हरेक सरोकारवाला अन्तरआत्मादेखि लगनशील, प्रतिबद्ध, जिज्ञासु र सिर्जनशील भई अपनत्वको भावनाका साथ प्रतिबद्ध भएमा मात्र संस्थाको उन्नति र प्रगति हुन जान्छ । सम्बद्ध पक्षमा अपनत्वको भावना जागृत भएपछि कार्यान्वयनमा प्रभावकारिता आउँछ । विद्यालय सुधार योजना निर्माण गर्दा सरोकारवालालाई आफ्नो जिम्मेवारी बहन गर्ने वातावरण कार्यान्वयनमा तल्लीन गराउनुपर्छ । अध्ययन क्षेत्रका ९० प्रतिशत उत्तरदाताहरूले आफूहरूमा अपनत्वको भावना जागृत हुन सकेमा मात्र प्रभावकारी कार्यान्वयन हुने विचार अभिव्यक्त गरेका छन् । यसै सन्दर्भमा नागार्जुन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखको प्रतिक्रिया यस प्रकार रह्यो :

> “प्रत्येक वर्ष सबै विद्यालयले विद्यालय सुधार योजना बनाउँछन् । योजनामा समावेश भएका सबै पक्षहरू कार्यान्वयन भएका छैनन् । कतिपयले बढी महत्त्वाकाङ्क्षी योजना बनाउँछन् तर कार्यान्वयन पक्षमा ध्यान दिँदैनन् । सरोकारवाला सबैमा अपनत्वको भावना जागृत हुनुपर्दछ । जबसम्म सबैमा अपनत्वको भावना जागृत हुँदैन तबसम्म विद्यालय सुधारयोजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्दैन ।”

उल्लिखित भनाइको मर्मअनुसार सबै सरोकारवालाले आआफ्नो दायित्व, जिम्मेवारी, भूमिका निर्वाह गर्नुपर्दछ । निरौला (२०७७) ले योजना कार्यान्वयनमा प्र.अ. ले स्थानीय तहदेखि केन्द्रसम्म समन्वय गरी प्रभावकारी रूपमा कार्य गर्नुपर्ने हुँदा प्र.अ.को भूमिका महत्त्वपूर्ण हुने कुरा उल्लेख गरेका छन् । उनले भने झैं सबै प्र.अ.हरूको भूमिका योजना

कार्यान्वयनमा महत्त्वपूर्ण रहन्छ । नेपाल (२०६४) ले नेपालको शिक्षा प्रणालीलाई प्रभावकारी बनाउनका लागि हरेक योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने कुरा औंल्याएका छन् । उनले भनेझैं यस अध्ययन क्षेत्रमा विद्यालय सुधार योजना पूर्णरूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ ।

## सरोकारवाला पक्षहरूबिच समन्वय हुनुपर्ने

विद्यालय एउटा समाज हो । त्यहाँ विविध बालबालिका अध्ययन गर्न आउँछन् । ती फरकफरक जाति, धर्म, लिङ्ग, संस्कार, चालचलन, आर्थिक अवस्थाका हुन सक्दछन् । सबैको इच्छा, चाहना, क्षमता पनि फरकफरक हुन सक्दछ । यस्तो अवस्थामा सबैको विचार बुझेर सबैलाई प्रभावकारी रूपमा शिक्षण गर्ने काम चुनौतीपूर्ण हुन्छ । एकले अर्कोलाई सहयोग गर्ने, सहकार्य गर्ने र समन्वय गर्ने गर्नुपर्दछ । त्यसैगरी शिक्षकहरूबिच पनि एकआपसमा सहयोग आदानप्रदान गरी सामूहिक रूपले कार्य गर्ने वातावरण निर्माण हुनुपर्दछ ।

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा पनि विद्यार्थी, शिक्षक, अभिभावक, वि.व्य.स., शिक्षक अभिभावक संघ, स्थानीय जननिर्वाचित पदाधिकारी, सरकारी निकायका कर्मचारी, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, राजनीतिकर्मी, व्यापारी आदि सबैको समन्वयले विद्यालय सञ्चालन गर्न सकेमा विद्यालयले सफलता प्राप्त गर्न सक्दछ । अनुकूल कार्यवातावरण निर्माण हुने उत्कृष्ट कार्यसम्पादन भई गुणस्तरीय शिक्षाको उद्देश्य पूरा हुन्छ । देव र वशिष्ट (२०७२) ले समकालीन शैक्षिक मुद्दाहरूमा विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभाव पार्ने प्रमुख पक्ष समन्वयकारी भूमिकाको अभावलाई औंल्याएका छन् । यस अध्ययनमा पनि त्यसको प्रभाव पर्ने गरेको देखिन्छ । अतः विद्यालयले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्दा उक्त कुरामा ध्यान दिन जरुरी छ ।

## प्रभावकारी निरीक्षण एवम् अनुगमनमा जोड दिनुपर्ने

प्रभावकारी निरीक्षणले नीतिनियमहरू कार्यान्वयन भए नभएको पत्ता लगाई प्रभावकारी रूपमा परिचालन गर्न सकिन्छ । शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी र नियमित भए नभएको अनुगमनका माध्यमबाट पत्ता लगाउन सकिन्छ । निरीक्षण र अनुगमनका माध्यमबाट विद्यालयका सम्पूर्ण क्रियाकलापलाई प्रभावकारी बनाई शैक्षिक गुणस्तर अभिवृद्धि हुने गर्छ । विद्यालयमा कार्यवातावरण निर्माण गरी आर्थिक, प्रशासनिक, भौतिक

तथा शैक्षक पक्षहरूको सुधार र विकास गर्न सकिन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणविधि, शैक्षिक सामग्री लगायत हरेक पक्षमा देखा पर्ने समस्याहरूको समाधान गर्ने काम निरीक्षण र अनुगमनबाट सम्भव हुन्छ । विद्यालय र समुदायबिच घनिष्ठ सम्बन्ध स्थापित गरी शिक्षक, विद्यार्थी, अभिभावक, विद्यललय प्रशासन आदिबिच मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्ने काम प्रभावकारी निरीक्षण र अनुगमनबाट हुन सक्छ । युनेस्को (२०६३) ले समाहित शिक्षा र बालमैत्री विद्यालय हुनका लागि निरीक्षण र अनुगमन पक्षमा जोड दिइएको छ तर यस अध्ययन क्षत्रेमा युनेस्कोले भने झैँ प्रभावकारी निरीक्षण र अनुगमन हुन सकेको छैन ।

## अनुकूल कार्य वातावरणको निर्माण गर्नुपर्ने

अस्थिर राजनैतिक वातावरणका कारणले विद्यालयमा समेत राजनीति हुने गर्दछ । राजनैतिक कार्यक्रममा शिक्षकहरू जाने गर्दछन् भने कतिपय राजनैतिक कार्यक्रम विद्यालयमा समेत हुने गर्छन् । कतिपय अवस्थामा विद्यालय बन्द हुने अवस्था पनि सिर्जना हुन्छ । शिक्षा ऐन, २०२८ मा केन्द्रदेखि स्थानीय तहसम्म शिक्षक युनियन गठन गर्न सकिने व्यवस्थाले राजनैतिक पार्टीहरूले प्रत्येक विद्यालयमा आआफ्ना भातृ संगठन निर्माण गर्ने र विभिन्न दबाबमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् । प्र.अ. नियुक्ति, अस्थायी, राहत, करार वा निजी स्रोतका शिक्षक छनोट र वि.व्य.स.गठनसम्म राजनैतिक भागबन्डामा हुने गरेका छन् । टिके प्रथाबाट छानिएको व्यक्तिले आफ्नो राजनैतिक संस्थाप्रति वफादार हुनुपर्ने भएकाले विद्यालयमा अनुकूल कार्यवातावरण हुन सक्दैन । अध्ययन क्षेत्रका विद्यालयमा पनि यस्तो अवस्था पाइयो । यसै सन्दर्भमा एकजना प्र.अ.को प्रतिक्रिया यस्तो रहचो :

> “हाम्रो विद्यालयमा साह्रै राजनीति हुने गर्दछ । खासगरी वि.व्य.स. गठनमा धेरै समस्या भयो । दुई वर्षसम्म पनि वि.व्य.स. गठन हुन सकेन । धेरै पहल गरी सहमतिका आधारमा सबै दलको प्रतिनिधित्व हुने गरी वि.व्य.स. गठन गरियो । फेरि राहत शिक्षक नियुक्तिमा उस्तै समस्या भयो । तीनवटा दलले सबैले आआफ्नो दलको व्यक्ति नियुक्ति गर्न दबाब दिए । एकजना मात्र शिक्षक छनोट गर्नुपर्ने तीनजना कसरी छनोट गर्ने ? यस्ता लफडा पटकपटक हुने गर्दछन् । त्यसैले विद्यालय सुधार योजना समेत प्रभावित हुन्छ । यसलाई पूर्णरूपमा कार्यान्वयन गर्न अनुकूल कार्यको थालनी हुनै पर्दछ ।”

शिक्षण पेसालाई विशुद्ध समाज सेवाको पेसाको रूपमा स्थापित गरी विद्यालयमा अनुकूल कार्यवातावरण सृजना नहुँदा समस्या पर्ने गरेको छ । खनाल (२०७५) का अनुसार विद्यालयमा हुने राजनैतिक गतिविधिका कारण शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव परेको कुरा उल्लेख छ । यस अध्ययनमा समेत राजनीतिका कारण अनुकूल कार्यवातावरण निर्माण हुन सकेको छैन । त्यसको प्रत्यक्ष प्रभाव विद्यालय सुधार योजना कार्यान्वयनमा परेको देखिन्छ ।

## दण्ड र पुरस्कारको प्रभावकारी कार्यान्यन हुनुपर्ने

विद्यालयमा शिक्षक विद्यार्थीको कार्यसम्पादनलाई उचित मूल्याङ्कन गरी दण्ड र पुरस्कारको व्यवस्थापनलाई प्रभावकारी कार्यान्वयन गर्न सकेमा शिक्षण सिकाइमा समेत प्रभावकारिता आउन सक्दछ । पुरस्कारले व्यक्तिलाई सन्तुष्टि प्रदान गर्दछ । सन्तुष्टिले व्यक्तिको कार्यक्षमतामा अभिवृद्धि गर्दछ । त्यसैगरी शिक्षण सिकाइको क्रममा उद्देश्य अनुकूल परिणाम प्राप्त गर्न नसकेमा दण्ड वा सजाय पनि दिनुपर्ने हुन्छ । दण्डले कहिलेकाहीँ नकारात्मक प्रभाव पनि पर्न सक्दछ तर कस्तो अवस्थामा दण्ड दिने भन्ने कुरा ज्यादै विचारणीय छ । दण्ड दिनुको अर्थ दण्ड दिए पछि उक्त कार्य अझ बढी प्रभावकारी होस् भन्ने हुनुपर्दछ ।

अध्ययन क्षेत्रका विद्यालयमा दण्ड र पुरस्कार प्रभावकारी कार्यान्वयन हुने गरेको देखिएन । दण्ड खासै दिएको देखिएन भने पुरस्कार भने स्थानीय तहले प्रत्येक वर्ष दिने गरेको देखियो । पुरस्कार भने "राम्रोलाई भन्दा हाम्रो"लाई दिने परिपाटीले गर्दा समस्या भएको देखिन्छ । विद्यालयमा विद्यार्थीहरूले गर्ने उत्कृष्ट कार्यवापत दिइने पुरस्कारमा समस्या देखिएन तर स्थानीय तहले शिक्षकहरूलाई दिने पुरस्कारमा भने भेदभाव हुने गरेको गुनासो शिक्षकहरूको थियो । यसै सन्दर्भमा अध्ययन क्षेत्रमा अध्यापन गर्ने एकजना शिक्षकको धारणा यसप्रकार छ :

> "यहाँ दण्ड पुरस्कार दिने राम्रो संस्कार छैन । म यस विद्यालयको सबैभन्दा पुरानो शिक्षक हो । मेरो विषयमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण हुन्छन् । म नियमित आएर पढाउँछु । कोर्स समयमै सक्छु तर स्थानीय तहले मलाई पुरस्कृत गरेन । जसले नियमित पढाउँदैन, जसको विषयमा अधिकांश विद्यार्थी अनुत्तीर्ण छन् त्यस्ता शिक्षकहरूलाई पुरस्कृत गर्दा पढाउने जाँगर पनि मर्न थाल्यो ।"

उपर्युक्त कथनअनुसार राजनैतिक आस्थाको आधारमा "राम्रो नभएर हाम्रो"लाई पुरस्कृत र सम्मान गर्ने परिपाटीले दु:ख एवम् मेहनत गर्ने शिक्षकहरूमा प्रत्यक्ष प्रभाव पर्ने गरेको पाइयो । त्यसको असर विद्यालय सुधार योजना कार्यान्वयनमा पनि देखिएको छ । उचित मूल्याङ्कन नहुँदा मेहनती शिक्षकलाई मर्का परेको छ । राजनीति गरी आस्थाको आधारमा पुरस्कृत गर्ने जस्ता विकृतिहरू पनि अध्यन क्षेत्रमा मौलाएका छन् । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९ मा दण्ड र सजायको व्यवस्था गरेको भए तापनि अध्ययन क्षेत्रका विद्यालयमा शिक्षा ऐन र नियमावली भन्दा बाहिर रही दण्ड र पुरस्कारको व्यवस्था गर्ने गरेको देखिन्छ ।

## निष्कर्ष

राष्ट्र, समाज र व्यक्तिको विकासका लागि हरेक काम योजनाबद्ध ढङ्गले गर्नुपर्दछ । देश र समाजको मेरुदण्डको रूपमा शिक्षा रहेको हुन्छ । शिक्षाले व्यक्तिको जीवनस्तरलाई माथि उकास्ने, प्रगति र विकासका साथै चेतनाको विकास गरी व्यक्तिको आत्मबल अभिवृद्धि गर्दछ । प्रत्येक व्यक्तिमा चेतना अभिवृद्धि गर्ने माध्यमको रूपमा समाजमा विद्यालय स्थापना गरिएको हो । समय र परिस्थिति अनुसार बदलिँदो परिवेशमा सिकाइ उपलब्धिमा सुधार ल्याउन रणनीतिका रूपमा विद्यालय सुधार योजना निर्माण गरिन्छ ।

विद्यालयको सर्वाङ्गीण विकासको निम्ति सरोकारवालाको संलग्नता र जिम्मेवारीको आवश्यकता पर्दछ । प्रभावकारी योजना निर्माण र कार्यान्वयनले विद्यालयको लक्ष्य, उद्देश्य हासिल गर्न सहयोग पुग्दछ । अध्ययन क्षेत्रका कतिपय विद्यालयमा निष्क्रिय र न्यून सहभागितामा योजना निर्माण हुने गरेको छ । आगामी दिनमा सबैको सक्रिय सहभागिता हुनुपर्ने देखिन्छ । हर्जवर्ग, (१९५७) ले आरोग्य सिद्धान्तका माध्यमबाट व्यक्तिमा हुने असन्तुष्टिलाई रोकेर अनुकूल कार्यवातावरण निर्माण गरी उत्कृष्ट कार्यसम्पादन गराउन सकिन्छ भने झैं यस अध्ययनमा समेत सरोकारवाला पक्षलाई योजना निर्माणमा सक्रिय बनाई उनीहरूका असन्तुष्टिलाई हटाएर अनुकूल कार्यवातावरण निर्माण गर्नुपर्ने हुन्छ ।

योजना निर्माण गर्दा भौतिक पक्षमा बढी जोड दिएइकोमा आर्थिक, सामाजिक र शैक्षिक पक्षमा समेत प्राथमिकता दिनु आवश्यक छ । विद्यालय सुधार योजनाका माध्यमबाटै शिक्षक र विद्यार्थीहरूमा उत्प्रेरणा जगाई सिकाइ उपलब्धि अभिवृद्धि गर्न सकिन्छ । योजना बढी महत्त्वाकाङ्क्षी हुनुहुँदैन । स्रोतको आकलन गर्दा पूर्ति हुन सक्ने गरी गर्नुपर्दछ । सरोकारवाला पक्षमा अपनत्वको भावना जागृत गराउन सकेमा मात्र योजना

कार्यान्वयनले सार्थकता पाउँछ । सरोकारवाला पक्षहरूबिच समन्वयात्मक भूमिका निर्वाहका लागि प्रधानाध्यापकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । राजनैतिक दबाबमा योजना निर्माण र कार्यान्वयनमा समस्या आउन सक्नेतर्फ विद्यालय सचेत हुनुपर्दछ । नियमनकारी निकायबाट निरीक्षण र अनुगमन गरी आइपर्ने समस्याको निराकरण गर्नुपर्ने देखिन्छ । राम्रो योजना निर्माण गरी कार्यान्वयन गर्ने विद्यालयलाई पुरस्कृत र प्रभावकारी ढङ्गले कार्यान्वयन नगर्नेलाई दण्ड दिने कार्यमा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । उल्लिखित कुराहरूमा ध्यान दिन सकेमा विद्यालय सुधार योजनालाई अझ बढी प्रभावकारी बनाउन सकिन्छ ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०६८), *बृहत् शैक्षिक सामान्य ज्ञान,* काठमाडौँ : आशिष बुक्स हाउस प्रा.लि. ।

उपाध्याय, ईश्वर (२०६७) *अधिकारमा आधारित शिक्षा,* शैक्षिक स्मारिका काठमाडौँ : शिक्षा विभाग, पृ. ९-१४ ।

कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०६६), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०७५), *शिक्षामा सोचान्तरण,* काठमाडौँ : जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

कँडेल, डिल्लीराम (२०६७), *विद्यालय सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरू* : अप्रकाशित स्नातकोत्तर शोधप्रतिवेदन, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

कँडेल, राजकुमार (२०६४), *विद्यालयको स्तरवृद्धिमा अभिभावकको भूमिका,* एजुकेसनल फोरम, वर्ष ३, अंक २५ ।

खनाल, पेसल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, दिपक (२०७७), *थारु बालबालिकाहरूको शैक्षिक अवस्था,* अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन : त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र : काठमाडौँ ।

खनाल, दिपक (२०७७), *शिक्षकको पेसागत सन्तुष्टि एक अध्ययन* : त्रि.वि. शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान निर्देशनालयमा प्रस्तुत अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन काठमाडौं ।

खनाल, दिपक (२०७५), *शिक्षकको पेसागत सन्तुष्टिको अवस्था एक विश्लेषण, काठमाडौं* : विकासको निम्ति शिक्षा, वर्ष ४२, अंक २२, त्रि.वि. पृ.१००–१०८, त्रि.वि., शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

खनाल, दिपक (२०७६), *सामुदायिक विद्यालयको वित्तीय प्रशासन एवम् खरिद व्यवस्थापन तालिमको प्रभावकारिता, काठमाडौं* : विकासको निम्ति शिक्षा, वर्ष ४२, अंक ३, पृ.९६–१०९, त्रि.वि., शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

गैरे, ज्योती (२०७२), *शैक्षणिक योजना निर्माण र कार्यान्वयन,* : अप्रकाशित स्नातकोत्तर शोधप्रतिवेदन, सुर्खेत क्याम्पस (शिक्षा) सुर्खेत ।

देव, एसपी र वशिष्ट, टि. आर (२०७२), *समकालीन शैक्षिक मुद्दाहरू,* काठमाडौं : दीक्षान्त प्रकाशन ।

ढकाल, माधवप्रसाद (२०६९), *शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्री आधार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

निरौला, सुरेशकुमार (२०७७), *विद्यालय सुधार योजना कार्यान्वयनमा प्रधानाध्यापकको भूमिका,* भक्तपुर : शैक्षिक स्मारिका शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

नेपाल, जनार्दन (२०६४), *नेपालको शिक्षा प्रणली : चुनौती र सम्भावना,* काठमाडौं : मकालु प्रकाशन गृह ।

पौडेल, लेखनाथ (२०५५), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

बराल, खगराज र अन्य (२०६६), *शैक्षिक विकासका बहुआयामिक चिन्तनहरू,* काठमाडौं : सोपान प्रकाशन ।

बराल, खगराज (२०६७), *शिक्षकको पेसागत विकास, शिक्षा व्यवस्थापनका नवीन आयामहरू,* काठमाडौं : सोपान मासिक प्रकाशन ।

भट्टराई, विजया (२०६७), *विद्यालय व्यवस्थापनमा अभिभावकको सहभागिता* : अप्रकाशित स्नातकोत्तर शोधप्रतिवेदन महेन्द्ररत्न क्याम्पस, काठमाडौं।

युनेस्को, (२०६३), *समाहित शिक्षा र बालमैत्री विद्यालय,* काठमाडौं : युनेस्को ।

लम्साल, हरिप्रसाद (२०५९), *विद्यालय सुधार कार्यक्रम : एक विचार,* विकासको निम्ति शिक्षा, त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रिपुरेश्वर ।

शिक्षा विभाग (२०७४) *विद्यालय सुधार योजना निर्माण सहयोग पुस्तिका,* भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

शर्मा, गोपीनाथ (२०६०), *नेपालमा शिक्षाको इतिहास,* काठमाडौं : मकालु बुक्स एन्ड स्टेसनरी ।

कानुन किताब व्यवस्था समिति *शिक्षा ऐन २०२८, संसोधन सहित र शिक्षा नियमावली* २०४९ संसोधन सहित, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति ।

श्रेष्ठ, तीर्थबहादुर (२०६६), *विद्यालय सुधार योजनाको आवश्यकता,* काठमाडौं : सोपान मासिक ।